# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ७, अङ्क ३, २०७६ असार Year 7, Issue 3, June-July 2019


## राजस्व संकलनमा २० प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५।७६ को लागि विभागलाई रु.४०४ अर्व २२ करोडको लक्ष्य प्राप्त भएको छ। आषाढ महिनासम्म रु. ३५८ अर्व ३४ करोड संकलन भई लक्ष्यको तुलनामा ८९ प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु.५९ अर्व ४९ करोड अर्थात २०प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. २५५ अर्व २७ करोड लक्ष्य रहेकोमा रु. १९२ अर्व ८७ करोड संकलन भई लक्ष्यको तुलनामा ८६ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु.१०२ अर्व ०१ करोड लक्ष्यमा रु. ८८ अर्व २८ करोड संकलन अर्थात लक्ष्यको ८७ प्रतिशत संकलन भएको छ। अन्तःशुल्कमा रु.८३ अर्व ६१ करोड संकलन भएको छ जुन रु. ७६ अर्व १० करोड लक्ष्यको ९७ प्रतिशत हुन आउंछ। त्यसैगरी शिक्षा से

बाँकी पृष्ठ ७ मा

## सचिव (राजस्व) द्वारा ठूला करदाता कार्यालयको अनुगमन



सचिव (राजस्व) लाल शंकर घिमिरेले २०७६ असार ८ गते ठूला करदाता कार्यालयको निरिक्षण तथा अनुगमन गरी कार्यालयका कर्मचारीहरुलाई निर्देशन दिनुभयो । अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका सहसचिव, विभागका महानिर्देशक एवं कार्यालयका प्रमुख कर प्रशासक लगायतका कर्मचारीहरुको उपस्थिति रहेको सो कार्यक्रममा सचिव घिमिरेले कार्यालयले समग्र आन्तरिक राजस्व विभागको राजस्व लक्ष्यको ठूलो हिस्सा ओगट्ने हुंदा हरेक करदाताहरुको कारोवारको प्रकृति अनुसार कारोबारको सुक्ष्म ढंगले तथ्यांक विश्लेषण गरी गुणस्तरीय कार्य सम्पादनको माध्यमबाट तोकिएको राजस्व संकलनको लक्ष्य हासिल गर्ने कार्यमा दत्तचित्त भएर लागि पर्न निर्देश गर्नु भयो ।

बाँकी पृष्ठ ३ मा....

### यसभित्र


एकिकृत कर संहिताको मस्यौदामा अन्तराष्ट्रिय विज्ञसंग छलफल — पृष्ठ ४

मध्यमस्तरीय करदाता कार्यालयद्वारा कार्यक्रम सञ्चालन — पृष्ठ ८

विभिन्न करदाता शिक्षा कार्यक्रम — पृष्ठ ९-१०

# महानिर्देशकको सन्देश



**आगामी आर्थिक वर्षका लागि निर्दिष्ट गरिएको राजस्व नीति तथा कार्यक्रम एवं आर्थिक ऐन, २०७६ मार्फत करको प्रकृयागत सरलीकरण र करदाताहरूको कारोवारमा पारदर्शीता हासिल गराउने मनसायले केही व्यवस्थाहरू लागू गरिएको छ । गुणस्तरीय एवं प्रभावकारी सेवाको विस्तार र कर कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरूको कर सहभागिता अभिवृद्धि र कराधार विस्तार गर्ने अभिप्रायले सबै व्यक्तिलाई अनिवार्य रूपमा स्थायी लेखा नम्वर (Pan for All) लगायतका व्यवस्थाहरू गरिएको छ ।**

विभागलाई आर्थिक वर्ष २०७५।७६ मा प्राप्त लक्ष्य रु. ४०४ अर्ब २२ करोड रहेकोमा रु.३५८ अर्ब ३५ करोड असुली भई लक्ष्यको तुलनामा ८९ प्रतिशत प्रगति भएको छ । जुन आ.व.२०७४।७५ को यसै अवधिको संकलनको तुलनामा रु. ५९ अर्ब ५१ करोडले बढी अर्थात २० प्रतिशतको बृद्धि हो। लक्ष्यको तुलनामा शत प्रतिशत प्रगति हासिल गर्न नसके तापनि २० प्रतिशतको बृद्धि दर कायम हुनुलाई सकारात्मक रुपमा लिएको छु । अत: यो प्रगति हासिल गर्ने कार्यमा अहोरात्र खटिनु भएका कर परिवारका सबै कर्मचारी तथा कर सहभागिता जनाउनु हुने सम्पूर्ण करदाताहरुमा म धन्यबाद व्यक्त गर्दछु ।

आगामी आर्थिक वर्षका लागि निर्दिष्ट गरिएको राजस्व नीति तथा कार्यक्रम एवं आर्थिक ऐन, २०७६ मार्फत करको प्रकृयागत सरलीकरण र करदाताहरुको कारोवारमा पारदर्शीता हासिल गराउने मनसायले केही व्यवस्थाहरु लागू गरिएको छ । गुणस्तरीय एवं प्रभावकारी सेवाको विस्तार र कर कानूनहरुको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरुको कर सहभागिता अभिवृद्धि र कराधार विस्तार गर्ने अभिप्रायले सबै व्यक्तिलाई अनिवार्य रुपमा स्थायी लेखा नम्वर (Pan for All) लगायतका व्यवस्थाहरु गरिएको छ । यसरी ल्याइएका व्यवस्थाहरुमा सहभागी भई कर सहभागिता प्रवर्धन गर्नका लागि म आम करदाता लगायत अन्य सरोकारवालाहरुमा आव्हान गर्दछु ।

आर्थिक वर्ष २०७६/७७ का लागि आर्थिक बर्ष २०७५/७६ को असुलीभन्दा करिव ४१ प्रतिशत बढी अर्थात रु ५०६ अर्ब राजस्व असुली गर्ने लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य प्राप्ति गर्नु आफैमा चुनौतिपूर्ण छ । तसर्थ समग्र विभाग र कार्यालयहरुले पनि अगामी दिनहरुमा थप लगनशीलताका साथ कार्यसम्पादन गरी आफ्नो निर्धारित लक्ष्य र कार्ययोजना अनुसारका कार्य सम्पादन प्रभावकारी ढंगबाट गरी गुणस्तरीय सेवाको सुनिश्चिततताबाट कराधार विस्तार गर्न कर कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ ।

अत: विभाग र मातहत कार्यालयका समस्त कर अधिकृतहरुलाई करको दायरामा नआएका व्यक्ति तथा वर्ग, पेशाकर्मी एवं व्यवसायीहरुको पहिचान गरी जागरण एवं सचेतनाका गतिविधिहरु मार्फत करको दायरामा ल्याउन र दायरामा रहेका करदाताहरुको कर परिपालना (Tax Compliance) स्तर बढाउन तथ्य र सुचनाको आधारमा जोखिम विश्लेषण गरी कर परीक्षण र अनुसन्धानलाई अझ सघन र गुणस्तरीय बनाई कर चुहावट एवं छली गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने अभियानको साथ लाग्न निर्देश गर्दछु। साथै कानून प्रदत्त सहुलियतको अधिकतम उपयोग गरी स्वयं कर सहभागिता अभिवृद्धि गराउन आआफ्नो सदस्य, व्यवसायी र आम करदातालाई सुसूचित गराउने अभियानमा समग्र निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सरकारी, गैरसरकारी क्षेत्र, आम संचारका माध्यम लगायत सम्बद्ध सबैको क्रियाशील सहयोगको अपेक्षा गर्दछु ।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७६, असार**

# सचिव (राजस्व)...

महानिर्देशक विष्णुप्रसाद नेपालले आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा पनि विभागको समग्र राजस्व संकलनको लक्ष्य अपेक्षाकृत रुपमा हासिल हुन नसकेको र सोको ठूलो हिस्सा ठूला करदाता कार्यालयको रहको हुंदा बाँकी अवधिमा रणनीतिक ढंगले कार्य गर्न आग्रह गर्नु भयो । विगत बर्षहरुको राजस्व संकलनको अवस्था अध्ययन गर्दा लक्ष्यको ठूलो हिस्सा आषाढमा संकलन हुने र आषाढमा पनि बढी संकलन महिनाको अन्त्य तिर नै संकलन हुने भएकोले अबका बाँकी दिनमा सम्भाव्य क्षेत्र र करदाताहरुसंग नियमित रुपमा सम्पर्कमा रही कार्यालयका सबै कर्मचारी र गतिविधि राजस्व संकलनमा केन्द्रीत गर्ने र गराउनु पर्ने कुरामा जोड दिनुभयो । सो अवसरमा कार्यालयले हालसम्म गरेको समग्र कार्यसम्पादनको बारेमा कार्यालयका प्रमुख धनीराम शर्माले प्रकाश पार्नु भएको थियो ।

# लेखा परीक्षणमान सम्बन्धी अभिमुखीकरण कार्यक्रम



आन्तरिक राजस्व विभाग र लेखा परीक्षणमान बोर्डको संयुक्त आयोजनामा Nepal Standards on Auditing 2018 विषयक दुई दिने अभिमूखीकरण कार्यक्रम २०७६ असार १४ र १५ गते ललितपुरमा सञ्चालन गरिएको छ । आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सहभागीहरुलाई २ दिने कार्यक्रममा नयाँ संशोधित लेखा परीक्षण मानहरु र करका सम्बन्धमा सिकेका कुराहरुलाई व्यवहारमा लागू गर्न र लेखा परीक्षकहरुलाई लेखा तथा लेखा परीक्षण प्रणालीमा स्पष्टता ल्याउन आफ्नो प्रष्ट विचार राखी पेशागत मर्यादा कायम गर्नका लागि जोड दिनुभएको थियो ।

उक्त कार्यक्रमको शुभारम्भमा ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक धनिराम शर्मा, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष जगन्नाथ उपाध्याय (निरौला), आन्तरिक राजस्व कार्यालय, ललितपुर २ का प्रमुख कर अधिकृत डिलाराम सापकोटा, आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका प्रमुख कर अधिकृत शरद निरौला, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद बहादुर सिंह बिस्ट र आयोजकको तर्फबाट आन्तरिक राजस्व कार्यालय, ललितपुर १ का प्रमुख कर अधिकृत लाल बहादुर खत्री, लेखा परीक्षण मान बोर्डका सदस्यहरु महेश्वर काफ्ले, टेकनाथ आचार्य र विनय प्रकाश श्रेष्ठको उपस्थिति रहेको थियो । आन्तरिक राजस्व कार्यालय, ललितपुरका प्रमुख कर अधिकृत लाल बहादुर खत्रीले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष जगन्नाथ उपाध्याय (निरौला) ले महत्वपूर्ण कार्यक्रम आयोजना गरेकोमा कार्यक्रम आयोजकलाई धन्यवाद ज्ञापन सहित आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । त्यसैगरी ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक धनिराम शर्मा तथा लेखा परीक्षणमान बोर्डका सदस्य टेकनाथ आचार्यले मन्तव्यका क्रममा कार्यक्रमको सफलताको शुभकामना दिँदै उपस्थित सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । कूल ७७ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा ५ जना श्रोत व्यक्तिहरुले ८ शेशनमा आफ्नो प्रस्तुतीकरण मार्फत सचेतना प्रदान गर्नु भएको थियो ।

# एकिकृत कर संहिताको मस्यौदा प्रतिवेदनमा अन्तराष्ट्रिय विज्ञसंग छलफल



आन्तरिक राजस्व विभागले प्रशासन गर्ने करहरु क्रमशः आयकर ऐन, मूल्य अभिबृद्धि कर ऐन र अन्तःशुल्क ऐनका समान किसिमका प्रकृयागत कुराहरुलाई एकै ठाउँमा समायोजन र सारभूत प्रावधानलाई अलग अलग भाग र परिच्छेदमा व्यवस्थित गरी कर परिपालना तथा संकलन लागत कटौति गर्न तथा कर प्रणालीलाई सरल, सहज र पारदर्शी बनाउनका लागि करका प्रावधानहरु एकीकृत तथा संहिताबद्ध (Codify) गर्ने अभिप्रायले जिम्मेवारी तोकिएको विज्ञ टोलीबाट कर संहिताको प्रारम्भिक मस्यौदा तयार भैसकेको छ । उक्त मस्यौदालाई थप पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले आमन्त्रित अन्तराष्ट्रिय विज्ञ अष्ट्रेलियन प्रोफेशर ली बर्नले विभागका पदाधिकारी एवं विज्ञ व्यक्तिहरुसँग छलफल गर्नु भयो ।

विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कर संहिताको विषयमा अन्तराष्ट्रिय विज्ञता हासिल गरेका लीसंग नेपालको कर संहिताको मस्यौदा प्रतिवेदनमा पृष्ठपोषण लिन पाउँदा खुशी व्यक्त गर्दै लीले प्रदान गरेका पृष्ठपोषणहरु लिपिवद्ध गरी अन्तिम मस्यौदामा समावेश गर्न तथा औल्याइएका अन्य विषयहरुलाई समेत मध्यनजर गरी मस्यौदा प्रतिवेदन परिस्करण गर्न विज्ञहरुलाई आग्रह गर्नु भयो । भ्रमणका क्रममा प्रोफेशर लीले कर विज्ञ रुप खड्का, विद्याधर मल्लिक, भवनाथ दहाल, विभागका उपमहानिर्देशकहरु, प्रमुख कर प्रशासकहरु र निर्देशकहरु र कर संहिता तयारीका लागि विज्ञ टोलीलाई आवश्यक सहयोग र सुझाव दिन विभागमा गठन गरिएको Quality Circle का विभिन्न सदस्यहरु, एकीकृत कर संहिता तयार गर्ने विज्ञ टोलीका सदस्यहरु र GIZ RAS परियोजनाका पदाधिकारीहरुसंग समेत छलफल तथा अन्तरक्रिया गरी महत्वपूर्ण सुझावहरु प्रस्तुत गर्नु भयो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## सूचना

आर्थिक कृयाकलापमा संलग्न कुनै व्यक्ति वा निकायले अनिवार्य रूपमा स्थायी लेखा नम्वर (PAN) लिएर मात्र कारोवार गर्नु पर्ने तथा त्यस्ता व्यक्ति वा निकायले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने भएमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा समेत दर्ता हुन पर्ने प्रावधान आयकर ऐन,(संशोधन सहित) २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन,(संशोधन सहित) २०५२ मा रहेको छ । तसर्थ, आर्थिक कृयाकलापमा संलग्न सवैले स्थायी लेखा नम्वर लिई र मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई वील वीजक जारी गर्ने,खरिद विक्री कारोवारको अभिलेख राख्ने,आफ्नो कारोवारको आफैले कर निर्धारण गरी मूल्य अभिवृद्धि कर विवरण तथा आय विवरण एवं लाग्ने कर समयमा नै दाखिला गर्नु गराउनु भै कर कानूनको परिपालना गर्न गराउन जानकारी गराईन्छ । करदाता दर्ता हुंदा यदाकदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्ति / निकाय दर्ता नभइ कामदार वा अन्य असम्वन्धित व्यक्तिका नाममा कारोवार दर्ता गरी वास्तविक रूपमा कारोवार गर्ने व्यक्तिले अन्य सामान्य अनजान व्यक्तिका नामवाट फाईदा लिई करको दायित्व अन्य व्यक्तिलाई सिर्जना गर्ने प्रवृत्ति समेत देखिने गरेको हुंदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्तिका नाममा मात्र फर्म वा कम्पनी दर्ता भई आफ्नो कारोवारको सुनिश्चितता गरी दर्ता गर्न गराउनु हुन साथै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूले करदाता दर्ता गर्दा गुणस्तरीय दर्ता (Quality Registration) मा ध्यान दिई वास्तविक करदाताहरू मात्र एकीन गरी दर्ता गर्ने गराउने व्यवस्था मिलाउनु हुन आम करदाता तथा सम्वद्ध कर्मचारीहरूलाई जानकारी गराईन्छ ।

# मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (VCTS) सम्बन्धी छलफल



व्यवसायिक प्रयोजनका मालवस्तु एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्दा ढुवानी साधन र मालसामानको संक्षिप्त विवरण प्रविष्टि गर्नुपर्ने गरी राजस्व अनुसन्धान विभागले वेबमा आधारित Vehicle and Consignment Tracking System लागू गर्ने तयारी गरेको छ । यस विषयमा उक्त विभागले हालसम्म गरेको तयारी, यसको कार्य प्रकृया तथा उपादेयताको विषयमा जानकारी गराउने तथा आन्तरिक राजस्व विभागबाट पृष्ठपोषण समेत लिने उद्देश्यले यस विभागको सभाहलमा मिति २०७६।०३।०८ गते एक कार्यक्रम सम्पन्न भयो ।

उक्त छलफल कार्यक्रममा राजस्व अनुसन्धान विभागका महानिर्देशक दीर्घराज मैनालीले मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (VCTS) लागू गराउनुको उद्देश्य, कानूनी आधारका सम्बन्धमा उल्लेख गर्दै यस प्रणालीले सूचना संकलन एवं प्रविधिको उपयोगबाट राजस्व चुहावट नियन्त्रणमा सहयोग पुगी राजस्व संकलनमा बृद्धि हुने अपेक्षा राख्नु भयो । राजस्व अनुसन्धान विभागका निर्देशक राजीव पोखरेलले वेभमा आधारित उक्त प्रस्तावित अन लाइन प्रणालीमा विवरणहरु प्रविष्टि गर्ने तरिका सहित संग्रहित डाटाहरु अध्ययन तथा प्राप्ती गर्न सकिने विषयमा प्रस्तुतीकरण गर्नु भयो। आन्तरिक राजस्व विभागका उपमहानिर्देशक तथा निर्देशकहरुको उपस्थितिमा भएको उक्त कार्यक्रममा उपमहानिर्देशक यज्ञ प्रसाद ढुङ्गेलले करदाताको शाखा तथा गोदामको आधारमा लिंक हुने गरी प्रविष्टि एवं विस्तृत सूचना सहितको प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउन उपयुक्त हुने, केन्द्रिय विजक अनुगमन प्रणाली तथा अन्त:शुल्क सम्बन्धी सूचनाको आधारमा अन्तर आबद्धता हुने भएमा अझ प्रभावकारी हुने लगायतका सुझावहरु राख्नु भयो। साथै अन्य सहभागीहरुले आन्तरिक ओसार पसार, थोक तथा खुद्रा एवं उपभोक्ता तहमा हुने विक्री लगायतमा ढुवानीकर्ता तथा व्यवसायीको दायित्व एवं जिम्मेवारीका विषयमा जिज्ञाषाहरु राख्नु भएको थियो । Vehicle and Consignment Tracking System का विषयमा उठेका जिज्ञाषाहरुको सम्बोधन गर्नुहुँदै राजस्व अनुसन्धान विभागका महानिर्देशक दीर्घराज मैनालीले प्राप्त सुझावहरुका लागि धन्यबाद दिनु भयो । साथै महानिर्देशक मैनालीले प्रस्तावित यस प्रणालीको सफल कार्यान्वयनको लागि आन्तरिक राजस्व विभागले मातहतका कार्यालयहरुलाई निर्देशन दिई आवश्यक प्रचार प्रसार सहित गरेर सहयोग पुर्याउन आग्रह समेत गरी कार्यक्रम समापन गर्नु भयो ।

# करदाता सेवा कार्यालय फिदिमद्धारा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम



कर शिक्षालाई ग्रामिण भेगका करदातासम्म पुऱ्याउन करदाता सेवा कार्यालय फिदिम पाँचथरको आयोजनामा २०७६ असार १६ गते पाँचथरको मिक्लाजुङ्ग गाउपालिका स्थित रबि बजारमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कर सम्बन्धी शिक्षा करदाताहरु सम्म पुर्याउदै करको दायरा बाहिर रहेका करदाताहरुलाई करको दायरामा ल्याउने उद्देश्यले सम्पन्न सो कार्यक्रममा रबि, सप्तमि तथा चिसापानी क्षेत्रका उद्यमी व्यवसायीहरुको उपस्थिति रहेको थियो । साथै आफ्नै ठाउँमा आएर पहिलो पटक कर सम्बन्धी विभिन्न जानकारी प्रदान गरेकोमा खुसी ब्यक्त गर्नुका साथै आगामी दिनमा कर शिविर समेत सञ्चालन गर्न माग गरेका थिए ।

कार्यक्रममा कर सम्बन्धी विविध पक्षमा करदाता सेवा कार्यालय फिदिमका कर अधिकृत किरण लिम्बु र नायब सुब्बा अभिजीत कुमार सिंहले सहजिकरण गर्नु भएको थियो । मिक्लाजुङ्ग गाउपालिकाका अध्यक्ष अम्मर राज माखिमको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा उद्योग वाणिज्य संघ पाँचथरका अध्यक्ष दिपक नेपाल लगायत वरिष्ठ पदाधिकारीहरुले आफ्ना विचार व्यक्त गर्नुभएको थियो । सहभागिहरुले यस अघि पाँचथरको कर सम्वन्धी सम्पुर्ण कारोवार गर्न आन्तरिक राजस्व कार्यालय भद्रपुर पुग्नु परेकोमा हाल फिदिममा नै करदाता सेवा कार्यालय खुलेपछी सहज भएको उल्लेख गरे ।

करदाता सेवा कार्यालय फिदिम र इलामको सहकार्यमा पाँचथर र इलामको सिमा क्षेत्रमा रहेको राँके बजारमा समेत असार २७ गते शुक्रवार कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**नेपाल सरकार**
**अर्थमन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

## स्थायीलेखा नम्बर लिने सम्बन्धी अनुरोध

व्यवसाय वा आय आर्जनमा संलग्न हुने व्यक्ति वा अग्रिम कर कट्टी गर्ने व्यक्तिले स्थायी लेखा नम्बर लिनु पर्ने कानूनी प्रावधान छ । नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य मार्फत ***एक व्यक्ति एक स्थायी लेखा नम्वर*** भन्ने नीति लिएको र सो नीतिको कार्यान्वयनको लागि विभाग अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुबाट प्राथमिकतापूर्वक छुट्टै काउण्टर मार्फत सरल र सहज किसिमबाट स्थायी लेखा नम्बर प्रदान गर्ने काम भइरहेको छ । २०७६ जेष्ठ १५ गते यता मात्र १ लाख भन्दा बढीले स्थायी लेखा नम्बर लिइसकेका छन् । हालसम्म २२ लाख भन्दा बढी व्यक्तिले त्यस्तो नम्बर लिएका र व्यक्ति विशेषले आन्तरिक राजस्व विभागको वेभसाईट (www.ird.gov.np) मा रहेको Taxpayer Portal बाट online फाराम भरी आफूलाई पायक पर्ने नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा गई स्थायी लेखा नम्बर लिन सकिने एवं सरकारी कार्यालय, सार्वजनिक संघ संस्था, विद्यालय, विश्वविद्यालय, अस्पताल, गैरसरकारी संस्थालगायत निजि क्षेत्रका संघ संस्था एवं उद्योग व्यवसायिक फर्महरुले आफ्ना कर्मचारी एवं कामदारहरुबाट अनलाइन फारम भराइ एकमुष्ट निवेदन कार्यालयमा पठाएमा वा स्थलगत रुपमा टोली खटाइ स्थायी लेखा नम्बर प्रदान गर्न आग्रह भएमा कार्यालयबाट टोली खटाइ स्थायी लेखा नम्बर प्रदान गरिने व्यहोरा समेत जानकारी गराइन्छ । सबै व्यक्तिलाई स्थायीलेखा नम्बर प्रदान गर्ने नेपाल सरकारको नीतिको सफल कार्यान्वयनको लागि व्यवसायीक स्थायी लेखा नम्बर लिने व्यक्तिले आफ्नो व्यवसाय रहेको र व्यक्तिगत स्थायी लेखा नम्बर लिने व्यक्तिले आफुलाई पायक पर्ने आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमार्फत स्थायी लेखा नम्बर लिन हुन अनुरोध गरिन्छ । यस विषयमा विभाग र मातहतका सबै कार्यालयहरुबाट सहजीकरण हुने व्यहोरा समेत आन्तरिक राजस्व विभाग सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ । व्यक्तिगत स्थायीलेखा नम्बर लिन अपनाइने प्रक्रियाको विषयमा विभागको website मा रहेको सूचनाबाट जानकारी लिन हुन समेत अनुरोध गरिन्छ ।

# राजस्व संकलनमा.....

वा शुल्कमा रु.८१ करोड लक्ष्यमा रु.१ अर्व ०७ करोड  संकलन भई लक्ष्यको तुलनामा १३१ प्रतिशत संकलन भएको छ ।
त्यसैगरी आर्थिक वर्ष  २०७५।७६ को आषाढ महिनाको प्रगति हेर्दा रु. ६४ अर्व ५६ करोड लक्ष्य रहेकोमा रु.५८ अर्व ०६ करोड संकलन भई लक्ष्यको तुलनामा ९० प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा १४ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु.४६ अर्व ८६ करोड लक्ष्य रहेकोमा रु.३९ अर्व ९४ करोड संकलन भई लक्ष्यको तुलनामा ८५ प्रतिशत संकलन भएको हो । मूल्य अभिवृद्धि करतर्फ रु. ११ अर्व ५७ करोड लक्ष्यमा रु. १३ अर्व ५१ करोड संकलन अर्थात लक्ष्यको ११७ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु.४ अर्व  ३९ करोड संकलन भएको छ जुन रु. ६ अर्व ०२ करोड लक्ष्यको ७३ प्रतिशत हुन आउंछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. १० करोड लक्ष्यमा रु. ८ करोड संकलन भई लक्ष्यको तुलनामा ७४ प्रतिशत असुली भएको छ ।

| शीर्षक | आ.व.२०७५/०७६ आषाढ महिनाको | | | | | आ.व.२०७५/७६ को | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको यस महिनाको असुली | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | गत बर्षको तुलनामा वृद्धिदर | गत आ.व. को असूली | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | गत बर्षको तुलनामा वृद्धिदर |
| आयकर | ३३५४३२५२ | ४५८६४३०१ | ३८४२८९०३ | ८४ | १५ | १४०४९४७७३ | २०७९२९१०१ | १७०६९६७०४ | ८९ | २१ |
| वहालकर | ७१५२०२ | | ५४३६८४ | | | ४५२८७३४ | ० | ३३५२४८५ | | |
| व्याजकर | १०५६९८८ | १०००३०३ | ९६९३३८ | ९७ | (८ | १४९८१६७६ | १७३४९८५४ | १८८२२४८६ | १०८ | २६ |
| आयकर जम्मा | ३५३१५४४२ | ४६८६४६०४ | ३९९४१९२५ | ८५ | १३ | १६०००५१८३ | २२५२७८९५५ | १९२८७१६७५ | ८६ | २१ |
| मू.अ.कर | ९१६४३९२ | ११५७०३०० | १३५११८०३ | ११७ | ४७ | ७६२७९७४९ | १०२०१३१०१ | ८८२७६७०२ | ८७ | १६ |
| अन्त:शुल्क | ६१५०८५८ | ६०२५२५७ | ४३९१८८२ | ७३ | (२९ | ६०४९७८४९ | ७६१०८९८४ | ७३६१२३४२ | ९७ | २२ |
| स्वास्थ्य सेवा शुल्क | ६९५१७ | | १३८२०० | | ९९ | ११४८४१२ | ० | २५०६७१७ | | |
| शिक्षा सेवा शुल्क | ९९४५८ | १००८५३ | ७५०७९ | ७४ | | ९१२७२७ | ८१८९६० | १०७४८५५ | १३१ | १८ |
| जम्मा | ५०७९९६६७ | ६४५६१०१४ | ५८०५८८८९ | ९० | १४ | २९८८४३९२० | ४०४२२०००० | ३५८३४२२९१ | ८९ | २० |

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ" भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# मध्यमस्तरीय करदाता कार्यालयद्वारा कार्यक्रम सञ्चालन



मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलमा मिति २०७६/०२/३१ गते शुक्रवारका दिन कार्यविधि कानून सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । कर प्रशासनका कतिपय कार्यहरु कानूनी प्रक्रियासँग सम्बन्धित हुने र कार्यविधि कानून सम्बन्धी पर्याप्त ज्ञानबाट मात्र उक्त कार्यहरु सम्पादन गर्न सहज हुने भएकाले सो कार्यक्रम सञ्चालन गरिएको हो । कार्यालयका प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृतहरु लगायत अन्य कर्मचारीहरु उपस्थित उक्त कार्यक्रममा कार्यविधि कानून, अनुसन्धान प्रकृया, अभियोजन, निर्णयपर्चा, पुनरावेदन, रिट निवेदन तथा कैफियत प्रतिवेदन जस्ता विषयमा तालिम, छलफल तथा अन्तरक्रिया सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा महान्यायधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता हरि शंकर ज्ञवालीले प्रस्तुति तथा सहजिकरण गर्नु भएको थियो ।

यसैगरी मध्यमस्तरीय करदाता कार्यालय र नेपाल योगा इष्टिच्यूट प्रा.लि.को सहकार्यमा मिति २०७६/०३/०६ र ०८ गते सकरात्मक सोच र तनाव व्यवस्थापन विषयक २ दिने कार्यक्रम संचालन गरिएको छ। सकारात्मक सोचका माध्यमबाट तनाब व्यवस्थापन गर्न सके कार्य सम्पादनमा प्रभावकारिता वृद्धि हुने उद्देश्यका साथ उक्त कार्यक्रम संचालन गरिएको हो । उक्त प्रशिक्षणात्मक एवं प्रयोगात्मक तालिम कार्यक्रममा योग गुरु डा. बालकृष्ण खनालले प्रशिक्षण दिनु भयो । कार्यक्रममा कार्यालयका ३५ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रम समापनको अवसरमा प्रमुख कर प्रशासक झक्क प्रसाद आचार्यले कार्यक्रमको औचित्य र महत्वको वारेमा प्रकाश पार्नु भएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**वस्तु तथा सेवामा मूल्य अभिबृद्धि कर लाग्ने र मूल्य अभिबृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना**

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिबृद्धि कर लाग्ने र देहायका कारोवारलाई अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतीय सफ्टवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय,

अतः मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा भएको संशोधित व्यवस्था मिति २०७६।०२।१५ देखि लागू भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिहरुले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोवार रहेको क्षेत्रको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिबृद्धि करमा दर्ता हुन सूचित गरिएको छ।

# आन्तरिक राजस्व कार्यालय, भद्रपुरद्वारा अन्तरक्रिया र छलफल कार्यक्रम



आन्तरिक राजस्व कार्यालय, भद्रपुरले २०७६ आषाढ महिनामा ताप्लेजुङ्ग, पाँचथर, इलाम र झापा जिल्लामा छुट्टाछुट्टै करदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। जिल्ला स्थित उद्योग वाणिज्य संघसँगको सहकार्यमा सञ्चालित उक्त कार्यक्रमहरु आर्थिक ऐन, २०७६ ले आयकर ऐन २०५८, मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन २०५८ मा गरेका संशोधन एवं नयाँ व्यवस्थाहरुका सम्बन्धमा प्रकाश पार्दै करदाता दर्तादेखि खारेजी सम्मका प्रकृया, करदाताका कर्तब्य तथा दायित्वहरु लगायत कर सम्बन्धी समसामयिक विषयमा ज्ञान दिने उद्देश्यले आयोजना गरिएको थियो । उक्त कार्यक्रमहरुमा आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत श्री बोलराज आचार्यले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुहुँदै समयमा नै कारोबारको यथार्थ घोषणा मार्फत कर विवरण तथा कर दाखिला गरी भविष्यमा हुन सक्ने जरिवानाको शिकार नबन्न व्यवसायीहरुलाई सचेत गराउनु भएको थियो ।

अभियानको पहिलो दिन २०७६ आषाढ ४ गते ताप्लेजुङ जिल्ला स्थित उद्योग वाणिज्य संघ, ताप्लेजुङसँगको सहकार्यमा सञ्चालित कार्यक्रममा होटल, अलैची, हाडवेयर, स्टेशनरी, निर्माण व्यवसायी, प्याब्सन लगायतका बस्तुगत संघका मुख्य मुख्य पदाधिकारी एवं विभिन्न व्यवसायीहरुको उपस्थिति रहेको थियो । २०७६ असार ५ गते पाँचथरमा सञ्चालन गरिएको कार्यक्रममा अलैची, मोवाइल, इलेक्ट्रोनिक्स, मदिरा, होलसेल, सुनचाँदी लगायत विभिन्न ब्यवसायमा आवद्ध ब्यवसायीहरुको उपस्थिति रहेको थियो ।

यसैगरी २०७६ असार ५ गते जिल्ला स्थित वाणिज्य संघका महिला उद्यमी, सहकारी, अडिटर्स, वन पैदावार, चिया उत्पादन लगायतका करदाताहरुको उपस्थितिमा ईलाममा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। करदाता शिक्षा तथा अन्तरक्रिया कै क्रममा २०७६ असार ६ गते महिला उद्यमी संघ, झापासँग कर सम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्ला स्थित महिला उद्यमी संघमा आवद्ध १९१ भन्दा बढी महिला उद्योगीको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो। यसै क्रममा उद्योग वाणिज्य संघ झापाको संयुक्त आयोजनामा २०७६ असार १२ गते उद्योग वाणिज्य संघ, झापाको भद्रपुर स्थित सभाहलमा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

उक्त करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमको सञ्चालन कर अधिकृत भीम प्रकाश देवकोटाले गर्नुभएको थियो भने व्यवसायीहरुले राखेका फरक जिज्ञासाका सम्बन्धमा प्रमुख कर अधिकृत बोलराज आचार्यले सम्बोधन गर्नुभएको थियो ।

# करदाता सेवा कार्यालय पाल्पाद्वारा करदाता शिक्षा कार्यक्रम

करदाता सेवा कार्यालय तानसेन, रामपुर उद्योग वाणिज्य संघ र रामपुर नगरपालिका वडा ५ को समन्वयमा उद्योगी व्यवसायीहरुको लागि पाल्पाको रामपुरमा करदाता शिक्षा प्रदान गरिएको छ । रामपुर उद्योग वाणिज्य संघको सभाहलमा भएको कार्यक्रममा करदाता सेवा कार्यालय तानसेनका प्रमुख सागर पोखरेलले कर सम्बन्धी सामान्य अवधारणा, स्थायी लेखा नम्बर लिनुपर्ने अवस्था र पालना गर्नुपर्ने आधारभूत कुराहरु, मूल्य अभिवृद्धि करमा दर्ता भएकाले निर्वाह गर्नु पर्ने थप भूमिका तथा जिम्मेवारी, कर तिर्ने समय, करका आधारभूत दरहरु लगायतका विषयमा जानकारी दिनुभएको थियो । उक्त कार्यक्रममा रामपुर क्षेत्रका उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



सो अवसरमा करदाता सेवा कार्यालय तानसेनका प्रमुख सागर पोखरेलले राष्ट्र निर्माणको मुख्य आधार कर भएकाले साना तथा ठूला व्यवसायीहरु सबैलाई कारोबार तथा आयका आधारमा कर सहभागिता जनाउन आग्रह गर्नुभयो। उहाले कर तिरेर ढुक्क भई मर्यादित तरिकाले व्यवसाय सञ्चालन गर्न सकिने बताउनु भयो । कार्यक्रममा रामपुर नगरपालिका वडा ५ का वडा अध्यक्ष हिमाल मल्लले नगरको बस्ती विस्तारसंगै उद्योग तथा व्यवसाय सञ्चालनको संख्या बढ्दो अवस्थामा रहेकाले करप्रति सचेतना तथा जागरुकता फैलाउन उद्योग वाणिज्य संघले करदाता सेवा कार्यालयसँग सहकार्य गरी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको बताउनुभयो ।

रामपुर उद्योग वाणिज्य संघका सल्लाहकार एवं वडा ६ का वडा अध्यक्ष हुमनाथ न्यौपानेले विगतको तुलनामा करमा समाहित हुने व्यवसायीको संख्या वृद्धि भएपनि अझै केही व्यवसायीमा कर प्रतिको धारणा परिवर्तन आउन नसकेकाले बेला-बेलामा कर शिक्षा तथा अनुगमन हुनु आवश्यक रहेको बताउनुभयो।

रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले व्यवसायीहरुलाई कर समयमा नतिर्दा हुने क्षतिबाट सजग बनाउन र कर कार्यालयबीचको सम्बन्ध सुमधुर बनाउन संघले समय समयमा कार्यक्रम गर्दै आएको बताउनुभयो ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

**मोबाइलको रिचार्ज कार्डको बिलिङ्ग सम्बन्धी सूचना ।**

मोबाइलको रिचार्ज कार्ड कारोबारको विलिङ्ग सम्बन्धमा यस विभागको मिति २०७५।११।१४ को निर्णय बमोजिम स्थायी लेखा नम्वर नभएका खरिदकर्ताहरुलाई विक्री गरेको अवस्थामा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ को उपदफा (६) बमोजिम तोकिएको उपभोक्ता मूल्य अनुसार कर विजक जारी गर्नुपर्ने भनी विभागबाट मिति २०७५।११।१४ मा परिपत्र भईसकेको छ। सो परिपत्र जारी हुनु भन्दा अगाडिका हकमा विक्री विजकबाट दिएको डिस्काउण्ट मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १२ को उपदफा (३) बमोजिमको प्रावधान पुरा गरी दिईएको भए सोलाई डिस्काउण्टको रुपमा मान्यता दिने भनी मिति २०७६।०३।२२ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ख. को उपदफा (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

# आय विवरणका अनुसूची तथा सम्बन्धित फारामहरु परिमार्जन

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरिएको छ । परिमार्जित अनुसूची तथा फारमहरु मिति २०७६ श्रावण १ गते देखि लागू भएका छन् ।

परिमार्जित  तथा नयाँ फारामहरुको सूची

**१.२ सबैलाई लागु हुने अनुसूचि ५ मा सिधा सम्बन्ध भएका फारामहरु**

| | |
|---|---|
| ह्रासयोग्य सम्पति | डे १५०४-०१-०३-७६ |
| अन्यआय | डे १५१६-०१-०३-७६ |
| व्याज खर्च | डे १५१८-०१-०३(७६ |
| व्यापारिक वस्तु निसर्गको लागत | डे १५१९-०१-०३-७६ |
| अन्य खर्चको विवरण | डे १५२५-०१-०३-७६ |
| नोक्सानी कट्टीकोविवरण | डे १५२८-०१-०३-७६ |
| छुट तथा सुविधाको विवरण | डे १५३५-०१-०३-७६ |

**१.२ सबैलाई लागु हुने अनुसूचि ५ मा सिधै असर नगर्ने करदाता र करारोपण सम्बन्धी सूचनामूलक फाराम**

| | |
|---|---|
| खरिद, बिक्री, लिन बाँकी र तिर्न बाँकीको विवरण | डे १५००१-०१-०३-७६ |

सबैलाई लागु हुने अनुसूचि ५ संग सोझो सम्बन्ध नभएता पनि कृस सम्बन्ध भएका फारामहरु

| | |
|---|---|
| सम्बद्ध व्यक्ति र व्यवस्थापकीय कर्मचारीसँगको कारोवार | डे १५४०१-०१-०३-७६ |
| सापटी पेश्की लिए दिएको विवरण | डे १५४०२-०१-०३-७६ |
| वित्तीय वासलात र कर आधार | डे १५४०३-०१-०३-७६ |
| वित्तीय विवरण अनुसारको नाफा नोक्सान | डे १५४०४-०१-०३-७६ |
| शेयरधनीको विवरण | डे १५४०५-०१-०३-७६ |
| वित्तिय लेखा र मूल्य अभिवृद्धि कर लेखातर्फ खरिद मिलान | डे १५४०६-०१-०३-७६ |

**२. प्रस्तावित व्यवसायजन्य फारामहरु**

**२.१ मेडिकल कलेज**

| | |
|---|---|
| मेडिकल कलेजको आय | डे १५४११-०१-०३-७६ |
| अग्रिम शुल्कको विवरण | डे१५४१२-०१-०३-७६ |
| विद्यार्थी संख्या र भुक्तानीको विवरण | डे१५४१३-०१-०३-७६ |
| सेवा शुल्कको विवरण | डे१५४१४-०१-०३-७६ |
| सञ्चालन खर्चको विवरण | डे१५४१५-०१-०३-७६ |

**२.२ सिमेन्ट उद्योग**

| | |
|---|---|
| चुनढुङ्गा तथा अन्य कच्चा पदार्थको प्रयोगको परिमाण | डे१५४२०-०१-०३-७६ |
| Raw Meal प्रयोग तथा उत्पादनमा भएको नोक्सानीविवरण | डे१५४२१-०१-०३-७६ |
| क्लिङ्कर उत्पादन तथा बिक्रीको विवरण | डे१५४२२-०१-०३-७६ |
| सिमेण्ट उत्पादन तथा बिक्रीको विवरण | डे१५४२३-०१-०३-७६ |
| उर्जा उत्पादनका लागि कोइला र अन्य बस्तुहरुको खपत | डे१५४२४-०१-०३-७६ |
| जिप्सन, खरानी तथा प्याकिङ सामान खपतको विवरण | डे१५४२५-०१-०३-७६ |
| सिमेण्ट उत्पादनका लागि कूल उर्जा खपतको विवरण | डे१५४२६-०१-०३-७६ |

**२.३ इन्टरनेटतथा केवल टिभि**

| | |
|---|---|
| सेवा शुल्कको वर्गिकरण | डे१५४३०-०१-०३-७६ |
| इजाजत पत्र र अनुमति प्राप्त गरेको विवरण | डे१५४३१-०१-०३-७६ |
| अन्लिमिटेड इन्टरनेट र केबल - एमएसओ | डे१५४३२-०१-०३-७६ |
| लिमिटेड इन्टरनेट | डे१५४३३-०१-०३-७६ |
| रिलोकेसन फि | डे१५४३४-०१-०३-७६ |
| सर्भरको लोकेसन शुल्क | डे१५४३५-०१-०३-७६ |

**२.४ चिनी उद्योग**

| | |
|---|---|
| चिनी उद्योग र उत्पादनसङ्ग सम्बन्धित विवरण | डे१५४४०-०१-०३-७६ |
| उखु खरिद तथा खपत र उत्पादन | डे१५४४१-०१-०३-७६ |


**३. प्राकृतिक व्यक्तिसङ्ग सम्बन्धित नयाँ फाराम**

**४. तत्काल लागु गर्न  अल्पकालका लागि** समायोजन गरिएका फारामहरु

| | |
|---|---|
| वित्तीय वासलात र कर आधार | डे१५४०३-०१-०३-७६ |
| वित्तीय विवरण अनुसारको नाफा नोक्सान | डे१५४०४-०१-०३-७६ |

# व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता (P-PAN Card Registration) गर्ने तरिका

- पासपोर्ट साइजको फोटो र नागरिकताको अगाडि तथा पछाडिको भाग Scan गरेर फाइल सुरक्षित गर्नुहोस् ।
- गैर नेपाली नागरिकको हकमा पासपोर्ट साइजको फोटो, निज कार्यरत रहेको कार्यालयको सिफारिस र बिदेशी भनी प्रमाणित गराउने प्रमाणित कागजात संलग्न राखी Scan गरी फाइल सुरक्षित गर्नुहोस् ।
- Mozilla Firefox browser खोल्नुहोस् ।
- ird.gov.np टाइप गरी Enter key थिच्नुहोस् ।
- Taxpayer Portal मा Click गर्नुहोस् ।
- Registration-PAN,VAT,EXCISE_ को Application for Registration मा Click गर्नुहोस् ।




- Username, Password, Re-Password, Contact No. Entry गर्नुहोस् ।
- Personal PAN चेक बक्समा Click गर्नुहोस् ।
- Verify गर्ने अफिस छान्नको लागिः
- आन्तरिक राजस्व कार्यालयको लागि IROमा Click गरी आफ्नो पायक पर्ने कार्यालय छान्नुहोस् ।
- करदाता सेवा कार्यालय भएमा TSOमा Click गरी आफ्नो पायक पर्ने कार्यालय छान्नुहोस्।
- OK मा Click गर्नुहोस् ।
- Continue मा Click गर्नुहोस् । (Submission Number) टिप्नुहोस्
- नाम र थर नेपाली र अंग्रेजीमा Entry गर्नुहोस् ।
- बि.सं. वा इ.सं. छानेर जन्ममिति Entry गर्नुहोस् ।
- लिंगमा पुरुष वा महिला वा तेस्रो लैंगिक मध्ये एक छान्नुहोस् ।
- Scan गरेर राखेको Photo दायाँ तर्फको Browse मा Click गरी Photo को फाइल छानेर Upload गर्नुहोस् ।
- Citizenship Card को दायाँ तर्फको Upload Document भनेको Up Arrow बक्समा Click गर्नुहोस् ।
- नागरिकता नं., नागरिकता जारी गर्ने कार्यालय, स्थान, जारी मिति Entry गर्नुहोस् ।
- त्यसपछि Browser मा Click गरी Scan गरेको नागरिकताको फाइल Upload गर्नुहोस् ।
- गैर नेपाली नागरिकको हकमा माथि Scan गरेको फाइल Upload गर्नुहोस् ।
- OK मा Click गर्नुहोस् ।
- कुनै कार्यालयमा काम गरेको भए प्रमाणपत्र नं. टाइप गरी पेशा छान्नु होस् । कार्यालयको सिफारिस समेत पेश गर्नु पर्छ । विद्यार्थी भएमा Others छान्नुहोस् ।
- पारिवारिक विवरणभर्नुहोस् ।
- स्थायी ठेगाना भर्नुहोस् ।
- अस्थायी ठेगाना भर्नुहोस् ।
- Save र Submit गर्नुहोस् ।
- Print गरी छानेको कार्यालयमा गएर Verify गराइ कार्ड बनाउन सम्बन्धीत आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा जानुहोस् ।

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल


कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४००००० बाट प्राप्त गरौं ।